# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, साउन २५ गते, २०६४ साल (अतिरिक्तांक २३

## भाग २

नेपाल सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

व्यवस्थापिका-संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

व्यवस्थापिका-संसदले बनाएको २०६४ सालको ऐन नं. ७

## आर्थिक वर्ष २०६४/०६५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्न र विनियोजन गर्न व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : आर्थिक वर्ष २०६४/०६५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "विनियोजन ऐन, २०६४" रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०६४/०६५ को निमित्त सञ्चित कोषबाट खर्च गर्ने अधिकार : आर्थिक वर्ष २०६४/०६५ को निमित्त अनुसूची-१ बमोजिम सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालू खर्च र महल ५ मा उल्लिखित पूँजीगत खर्च र रकम समेत गरी महल ६ मा उल्लिखित जम्मा रु. १,४५,५०,६६,०२,०००।- (अक्षरेपी एक खर्ब पैंतालीस अर्ब पचास करोड छैसठ्ठी लाख दुई हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन : (१) यो ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०६४/०६५ को निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा नेपाल सरकारले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमका दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्चतर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालू तथा पूँजीगत खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ८६ देखि ९५ सम्म विनियोजन भएको रकम अनुदान संख्या १३ देखि ९५ सम्मको जुन-जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

प्रचलित अन्य कानूनमा जेसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकायलाई जाने निःशर्त अनुदानको अख्तियारी अर्थ मन्त्रालयले स्थानीय निकायलाई दिनेछ । यस्तो रकमबाट भएको खर्चको अनुगमन र केन्द्रीय लेखा स्थानीय विकास मन्त्रालयले तयार गर्नु पर्नेछ ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-१
(दफा २ सँग सम्बन्धित)

## नेपालको अन्तरिम संविधान, २०६३ अनुसार सञ्चित कोष माथि व्ययभार हुने रकम

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | सञ्चित कोषमाथि व्ययभार हुने रकम<br>(रु. हजारमा) |
| १ | १३ | संसद | ३७०२ |
| २ | १४ | अदालत | ८०२०० |
| ३ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ६४५७५ |
| ४ | १६ | महालेखा परीक्षकको कार्यालय | ८६०२२ |
| ५ | १७ | लोक सेवा आयोग | ७६९८० |
| ६ | १८ | निर्वाचन आयोग | ९९९०३ |
| ७ | २१ | राष्ट्रिय मानव अधिकार आयोग | ३०००० |
| ८ | ८१ | अर्थ मन्त्रालय-आन्तरिक ऋण भुक्तानी | ११९४७५१६ |
| ९ | ८२ | अर्थ मन्त्रालय-वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ८१५६३०० |
| १० | ८३ | अर्थ मन्त्रालय-वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | २८४०८०० |
| ११ | ९५ | अर्थ मन्त्रालय-विविध | १०३००० |
| | | जम्मा | २३४८८९९८ |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

## अनुसूची-२
## (दफा २ सँग सम्बन्धित)
## सञ्चित कोषबाट खर्च हुने रकम

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्चतर्फ विनियोजित रकम | पूँजीगत खर्चतर्फ विनियोजित रकम | जम्मा विनियोजित रकम |
| | | | (रु. हजारमा) | (रु. हजारमा) | (रु. हजारमा) |
| १ | १३ | संसद | ३२४००८ | २७१५० | ३५११५८ |
| २ | १४ | अदालत | ६२१२४८ | २६८४५२ | ८८९७०० |
| ३ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ११७६० | ३००० | १४७६० |
| ४ | १६ | महालेखा परीक्षकको कार्यालय | ७२०० | ९८७५ | १७०७५ |
| ५ | १७ | लोक सेवा आयोग | ६२५० | ५७००० | ६३२५० |
| ६ | १८ | निर्वाचन आयोग | १५५०००० | ८७०० | १५५८७०० |
| ७ | १९ | महान्यायाधिवक्ताको कार्यालय | १५१६२६ | ३४७४० | १८६३६६ |
| ८ | २० | न्याय परिषद् | ६७६४ | १२२० | ७९८४ |
| ९ | २१ | राष्ट्रिय मानव अधिकार आयोग | ३७२०० | ६०० | ३७८०० |
| १० | २७ | राष्ट्रिय सतर्कता केन्द्र | ३१३६९ | ६२५ | ३१९९४ |
| ११ | ३० | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १९६३६६ | १८४६११४ | २०४२४८० |
| १२ | ३५ | अर्थ मन्त्रालय | ८३२८०० | ५२८५०५ | १३६१३०५ |
| १३ | ३८ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ९५७२७३ | ३३६०९४ | १२९३३६७ |
| १४ | ३९ | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | ३७७१४ | १०७९५ | ४८५०९ |
| १५ | ४० | कृषि तथा सहकारी मन्त्रालय | ३५८४२२६ | ५९२६२७ | ४१७६८५३ |
| १६ | ४५ | गृह मन्त्रालय | ९९७३८[illegible] | ६७३८२४ | १०६४७६४९ |
| १७ | ४७ | जलस्रोत मन्त्रालय | ५९८१८७ | ३६५४९२१ | ४२५३१०८ |
| १८ | ४८ | भौतिक योजना तथा निर्माण मन्त्रालय | १२१६३७७ | १३३९०००४ | १४६०६३८१ |
| १९ | ४९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २९३१४३ | ३०२३८७ | ५९५५३० |
| २० | ५० | परराष्ट्र मन्त्रालय | ११०१९५७ | ४२९८२ | ११४४९३९ |
| २१ | ५५ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ८१५७२१ | १६२३३० | ९७८०५१ |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | ५६ | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | ४९३९७२ | ६१६२४ | ५५५५९६ |
| २३ | ५८ | रक्षा मन्त्रालय | १०१९०२३८ | ७२६३१६ | १०९१६५५४ |
| २४ | ५९ | वन तथा भू-संरक्षण मन्त्रालय | २००३८७९ | ३१२३४० | २३१६२१९ |
| २५ | ६१ | वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | २७८८४३ | ११५६४८५ | १४३५३२८ |
| २६ | ६२ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | १९१०८० | १००३३०० | ११९४३८० |
| २७ | ६५ | शिक्षा तथा खेलकुद मन्त्रालय | २५७४४५१९ | २६४५४८१ | २८३९०००० |
| २८ | ६६ | सामान्य प्रशासन मन्त्रालय | १६२०५० | ७३२५ | १६९३७५ |
| २९ | ६७ | सूचना तथा सञ्चार मन्त्रालय | १३६०६७९ | ७६८६२० | २१२९२९९ |
| ३० | ६९ | स्थानीय विकास मन्त्रालय | ३१७१४०२ | ९९१२५५४ | १३०८३९५६ |
| ३१ | ७० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ९१७१९१३ | २९२६६७० | १२०९८५८३ |
| ३२ | ७१ | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | २०२४४२ | ३९३८८ | २४१८३० |
| ३३ | ७२ | राष्ट्रिय योजना आयोगको सचिवालय | ३१८५१६ | १११४८४ | ४३०००० |
| ३४ | ८७ | अर्थ मन्त्रालय-लगानी सार्वजनिक संस्थान | ० | १०५१०९८७ | १०५१०९८७ |
| ३५ | ९० | अर्थ मन्त्रालय-सेवानिवृत्त सुविधा तथा कर्मचारी सुविधा | ११२५७५०० | ० | ११२५७५०० |
| ३६ | ९५ | अर्थ मन्त्रालय-विविध | ३३४२८७३ | ३१२७१६३ | ६४७००३६ |
| | | जम्मा | ९०२४४९२० | ५५२६१६८२ | १४५५०६६०२ |

प्रमाणीकरण मिति: २०६४।४।२५

आज्ञाले,
डा. कुलरत्न भूर्तेल
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु ५।–
गो.द.द.नं. ९६।०६२।६३

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, साउन २५ गते २०६४ साल (अतिरिक्ताङ्क २३(क)

## भाग ५

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

माननीय वन तथा भू-संरक्षण मन्त्री श्री मातृकाप्रसाद यादवले आफ्नो पदबाट दिनु भएको राजीनामा सम्माननीय प्रधानमन्त्रीले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (८) को खण्ड (क) बमोजिम स्वीकृत गर्नु भई रिक्त हुन आएको वन तथा भू-संरक्षण मन्त्रालयको कार्यभार माननीय स्थानीय विकास मन्त्री श्री देवप्रसाद गुरुङ्गले सम्हाल्ने गरी तोक्नु भएको छ ।

साथै माननीय श्री मातृकाप्रसाद यादवलाई उहाँले मन्त्री पदमा रही ईमान्दारीपूर्वक गर्नु भएको सेवा र पुऱ्याउनु भएको सहयोगका लागि सम्माननीय प्रधानमन्त्रीले उहाँलाई हार्दिक धन्यवाद दिनु भएको छ ।

आज्ञाले,
डा. भोजराज घिमिरे
मुख्य सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।